अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर म्याग्दी
सम्पर्क नं ९८५७६८३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi
गण्डकी प्रदेश, नेपाल

प.स. - ०८१/०८२
च.नं.- 1634

मिति : २०८२/०३/२३
ने सं. ११४५ दिल्लाथ्व द्वादशी

**विषयः दावि विरोध पेश गर्ने सम्बन्धी सूचना**

यस गाउँपालिकाले जारी गरेको गाउँपालिकाको उद्योग, व्यबसाय, दर्ता, नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम यस गाउँपालिकाको १ नं वडा कार्यालयमा मिति २०७७/०६/२७ गते (दर्ता नं २०) र यस कार्यालयमा मिति २०७७/०६/२२ (दर्ता नं ०३) मा **दोबा वेशी बाख्रापालन समुह** नामक व्यवसाय दर्ता भई अन्नपूर्ण गाउँपालिका वडा नं १ दोवामा सञ्चालित व्यबसायको यस गाउँपालिकाको उद्योग, व्यवसाय, दर्ता, नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि (पहिलो संसोधन), २०८० को दफा १२ बमोजिम दर्ता खारेजी गर्न भनि सम्बन्धित वडा कार्यालयबाट सिफारिस भएकाले उक्त व्यवसायको नाममा कहि कतै कारोबार भै लेनदेन बाँकी भएको र सो व्यवसाय खारेजी गर्दा कसैलाई मर्का पर्ने भए यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र दावी विरोध निवेदन सहित यस कार्यालयमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दानाबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

सम्पर्क नं ९८५७६८३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi

प.स. - ०८१/०८२
च.नं.-१६३५

मितिः२०८२।०३।२३
ने सः११४५ दिल्लाथ्व, द्वादशी

विषयः लगत कट्टा गरि जानकारी गराईदिने सम्बन्धमा ।

**श्री ३ नं वडा कार्यालय,**
**अन्नपूर्ण गाउँपालिका, म्याग्दी ।**

प्रस्तुत विषयको सम्बन्धमा अन्नपूर्ण गाउँपालिका वडाँ नं ३ दानामा बस्ने प्रकाश घर्ति क्षेत्रीको नाममा रहेको एग्रो भेट सेन्टर नामक व्यवसाय दर्ता खारेजी को लागि निवेदन आएकोमा मिति २०८२/०३/१५ गते यस कार्यालयबाट उक्त व्यवसाय खारेजी गर्दा कसैलाई मर्का पर्ने भए दावि विरोध पेश गर्ने सम्बन्धि ७ दिने सुचना प्रकाशन गर्दा कसैको पनि दावि विरोध सम्बन्धि लिखित निवेदन नपरेको हुदाँ उक्त व्यवसायको लगत कट्टा गरि यस कार्यालयमा जानकारी गराईदिनुहुन अनुरोध छ ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत